नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट तथा शोधभर्ना शाखा)

प.सं.: २०८१/८२ (बजेट तथा सोभ)
च.नं.: ८९

मितिः-२०८२/०२/२१

विषय- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २२ को उपदफा (३) कार्यान्वयन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सबै ।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालय,बजेट तथा कार्यक्रम महाशाखाको प.सं.२०८१/८२-३०५-१०-११-३ख च.नं.७५७ मिति २०८२/०२/०६को पत्रानुसार "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २२ को उपदफा (१) बमोजिम संघिय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई सशर्त,समपुरक वा विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो रकम आर्थिक वर्षभित्र संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ भन्ने ब्यवस्था सोही दफाको उपदफा (३) ले गरेको हुँदा उक्त प्रावधान बमोजिम सशर्त ,समपुरक र विशेष अनुदान अन्तर्गतका आयोजनाहरुमा खर्च भई बाँकी रहने रकम २०८२ साल असार २५ पछि स्थलगतरुपमा अनुगमन गरी संघिय सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउन सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई विशेष निर्देशन हुन" भनि पत्राचार भएकोले माथि उल्लेख भए अनुसारका खर्च शिर्षकहरुमा बाँकी रहेको रकम माथि तोकिए अवधि भित्र फिर्ता माग गरि आ.ब.२०८१/८२ भित्रै खर्च समायोजन गर्नु हुन मिति २०८२/०२/२१ अनुरोध गरिन्छ ।

२०८२/०२/२१

जनक दुलाल
लेखा अधिकृत

वोधार्थ-
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं ।
श्री कोष प्रशासन तथा प्रणाली विकास शाखा,महालेखा नियन्त्रक कार्यालय ,अनामनगर ।